नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
कालीकोट

फोन नं. ०८७ - ४४०१६२
Email : dao.kalikot@gmail.com
daokalikot@moha.gov.np

पत्र संख्या : २०८२/०८३
चलानी नं.

मिति:२०८२।०९।२२
ने.सं.११४६

## सम्पादित कार्यको सार्वजनिकरण गरिएको ।

जिल्ला प्रशासन कार्यालय कालिकोटले विगत ६ महिनामा देहाय अनुसार कार्यसम्पादन गरेको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

१. नयाँ नागरिकता वितरण गर्ने कार्य पूर्णरुपमा अनलाइन प्रणालीमा आधारित बनाइएको । यसले २ दिन लगाएर नागरिकता लिन आउने र कागजात नपुगेको कारण सेवा नपाई फिर्ता हुने अवस्थाको अन्त्य भएको छ । सेवाप्रवाहमा सकरात्मक सन्देश प्रवाह भएको छ ।

२. जिल्लाबाट संघ र प्रदेश सभामा प्रतिनिधित्व गर्ने माननीयज्यू सहितको विकास समन्वय बैठक २ पटक, १५/१५ दिनमा पूँजीगत खर्च गर्ने कार्यालयसँग विकास समिक्षा बैठक, रुग्ण योजनाको स्थलगत अनुगमनले विगत ५ बर्ष अगाडी देखि कार्यन्वयन हुन नसकी रुग्ण अवस्थामा रहेको करिब ३ दर्जन विकास आयोजनाहरुको कार्यप्रगतिमा उल्लेखनीय सुधार आएको । यसले नागरिकमा विश्वास र भरोसा प्रवर्द्धन भएको र राजमार्ग स्तरोन्नती हुँदा दुर्घटनाको जोखिम घट्ने अवस्था रहेको ।

३. कार्यालयको सेवा प्रवाहलाई सेवाग्राही मैत्री बनाउन निवेदन बेगर अन्य कागजातको आधारमा सेवा दिने व्यवस्था गरिएको, हेल्पडेक्सको व्यवस्था गरिएको, स्थनपान कक्ष तयार गरिएको, सेवाग्राही स्वास्थ्य परामर्शकक्षको व्यवस्था गरिएको, सुचना सन्देश प्रसारण गर्ने टेलिभिजन, डेक्सबेन्च र पिउनेपानीको व्यवस्था समेतको विश्राम कक्षको व्यवस्थापन गरिएको । यसले सेवाप्रवाहमा सुधार भएको र जिल्ला प्रशासन प्रति सेवाग्राही सकरात्मक हुने वातारण तयार भएको ।

४. जिल्ला भित्रका सबै कार्यालयहरुको नियमित निरीक्षण अनुगमन गरी सेवाग्राहीमैत्री सेवा प्रवाह गर्ने र विकासका कार्यहरु तिब्ररुपमा अगाडी बढाउन प्रयास भएको । अन्तरनिकाय समन्वय र सहकार्यलाई प्रभावकारी बनाइएको । सुशासन प्रवर्द्धन गर्न जोड दिइएको ।

५. विपद सम्बन्धी उद्धार, राहत र पुनर्निर्माण सम्बन्धी गुनासो फछ्यौट गरिएको । रोकिएको पुनर्निर्माण कार्यमा तिब्रता दिइएको, पहिरोको कारण हुने राजमार्ग तत्काल खुलाउन जिल्ला सुरक्षा समिति आफै स्थलगत उपस्थित भएर कार्यसम्पादन गराउने संस्कृतिको विकास भएको ।

६. २०८२ भदौ २३ र २४ को सुशासन र विकास सम्बन्धी Gen-Z Movement मा समेत प्रदर्शनकारीको ठूलो उपस्थितिको बापजुद जिल्लामा त्रुटिरहित सुरक्षा व्यवस्थापन गरेको । कुनैपनि मानवीय, सरकारी, सार्वजनिक र निजी सम्पत्तिमा क्षति हुन नपाएको ।

२०८२/०९/२२
गोपाल राज सुयल
प्रमुख जिल्ला अधिकारी